# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

**(नेपाल सरकारको स्वामित्व भएको)**

# Nepal Stock Exchange Limited

(An Undertaking Government of Nepal)

**पत्र संख्या :** **Ref No.**

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले हालै सदस्यता प्रदान गरेका १६ नयाँ सदस्य दलालहरुले आज मिति २०६८/०५/१५ गते बिहीबारदेखि दोस्रो बजार कारोबार सञ्चालन गरेका छन । यस दिन जम्मा २ करोड २७ लाख ८१ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएकोमा नयाँ सदस्य दलालले ३४ लाख ६१ हजार रुपैयाँको कारोबार गरेका छन् । यो कूल कारोबारको १५.१९ प्रतिशत हुन आउँछ ।

स्टक एक्सचेन्जले यसअघि नयाँ सदस्य दलालहरुलाई मिति २०६८/०४/१६ देखि दुई सातासम्म पूँजी बजार सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक तालिम दिएको थियो । तालिममा सेयर बजारका आधारभूत गतिविधि सूचीकरण, कारोबार, राफसाफ तथा फछ्र्यौट एवं सूचना प्रवाह सम्बन्धमा जानकारी दिइएको थियो ।

नेप्सेको व्यवस्थाअनुसार हाल दक्षिणकाली इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रा.लि, भिजन सेक्युरिटिज प्रा.लि,कोहिनुर इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रा.लि., सेक्युर्ड सेक्युरिटिज लि., स्वर्णलक्ष्मी सेक्युरिटिज प्रा.लि., दिपशिखा धितोपत्र कारोबार कम्पनी प्रा.लि.,सुमेरु सेक्युरिटिज प्रा.लि.,क्रियटिभ सेक्युरिटिज प्रा.लि.,लिन्च स्टक मार्केट लि.,सनी सेक्युरिटिज कम्पनी लि., साउथ एसियन बुल्स प्रा. लि.,डाइनामिक मनी म्यानेजर सेक्युरिटिज प्रा.लि., इम्पेरियल सेक्युरिटिज कम्पनी प्रा.लि., कालिका सेक्युरिटिज प्रा.लि., निव सेक्युरिटिज, त्रिशक्ति सेक्युरिटिजले आ-आफ्नो कार्यालयबाट कारोबार सुरु गरेका हुन ।

नयाँ सदस्य दलालले आगामी दिनमा कारोबार विस्तार गर्दै लैजाने र यसबाट बजारको विकास र लगानीकर्ताको हित प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा नेप्सेले गरेको छ ।

मिति : २०६८/०५/१५

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : stock@enet.com.np**